नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ११९ | २०८० साल चैत्र ०३ गते शनिबार | Saturday 16, March 2024 | सूर्योदय: बिहान ६:१५ बजे | सूर्यास्त: साँझ ६:१३ बजे | पृष्ठ ४ | मूल्य रु. ५/-

# सुन तस्करी प्रकरणमा सत्ता गठबन्धनकै नेता र छोराहरु संलग्न



**मधेशदृष्टि**
**काठमाडौँ ।**
लामो समयदेखि सिंगो देशको ध्यान केन्द्रित गरिरहेको सुन तस्करी प्रकरणमा नयाँ गृहमन्त्री रवि लामिछानेको आगमनसँगै थप तरंग पैदा भएको छ । पूर्वउपराष्ट्रपति नन्द बहादुर पुनका छोरा एवम् सत्तारुढ दल नेकपा माओवादी केन्द्रको भ्रातृसंगठन अनेरास्ववियु क्रान्तिकारीका महासचिव दीपेश पुन पक्राउ परेका छन् । पूर्वउपराष्ट्रपति पुनका विज्ञ सल्लाहकार जीवन कुमार गुरुङलाई १ अर्ब ४० करोड रुपैयाँ बिगो मागेर मुद्दा चलाउने निर्णय भएको छ । मन्त्रिपरिषद् बैठकले सुन तस्करी प्रकरणमा जोडिएका सबैलाई कारबाही गर्ने बताइरहँदा सत्तारुढ दल नेकपा माओवादी केन्द्रकै उपाध्यक्ष एवम् पूर्व सभामुख कृष्णबहादुर महरासहित संलग्नलाई मुद्दा चलाइने भएको छ ।
शुक्रबार प्रहरीले पूर्वउपराष्ट्रपति पुनका छोरा दीपेशलाई पक्राउ गरेको हो । पुनलाई प्रहरी प्रधान कार्यालयको विशेष टोलीले पक्राउ गरेको हो । साउन २ गते बरामद भएको साढे ६१ किलो तस्करीको सुन प्रकरणमा पूर्वन्यायाधीश डिल्ली आचार्य नेतृत्वमा गठित जाँचबुझ आयोगको सिफारिसका आधारमा पुनलाई पक्राउ गरिएको हो ।सुन तस्करी प्रकरणमा जोडिएकालाई कारबाही अघि बढाउन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उपप्रधानमन्त्री तथा गृहमन्त्री लामिछानेलाई निर्देशन दिएलगत्तै पहिलो एक्सनमा पूर्वउपराष्ट्रपति पुनकै छोरा समातिएका हुन् । सरकारले आयोगको प्रतिवेदन कार्यान्वयमा लैजाने निर्णय शुक्रबार मन्त्रिपरिषद् बैठक बसेर नै गरेको थियो ।
पुनको सुन तस्करी प्रकरणमा पक्राउ होटल भियानाका मालिक बेल्जियन नागरिक दावा छिरिङको सम्बन्ध रहेको तथ्य प्रहरीले पत्ता लगाएपछि पुन समातिएका हुन् । सुन प्रकरण बाहिरिएसँगै पूर्वउपराष्ट्रपति पुनको परिवारको संलग्नता खुलासा भएको थियो । सुन तस्करीबारे जाँचबुझ आयोगले दीपेशसँग माघ अन्तिम साता बयान पनि लिएको थियो । सुन तस्करी प्रकरणमा संलग्न दावा छिरिङसँग दिपेशको सम्बन्ध देखिएको थियो । दावा यसअघि नै पुर्पक्षका लागि थुनामा छन् ।
साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सारबाटसमेत बाहिरिएको अवस्थामा राजस्व अनुसन्धान विभागले साढे ६१ किलो सुन बरामद गरेको थियो । यो प्रकणमा उच्च तहका नेता, कर्मचारीदेखि
व्यापारीसमेतलाई आयोगले दोषी देखाएको छ ।

## अनुसन्धान फितलो गर्ने अधिकृतहरु तानिए



साढे ६१ किलो सुन तस्करी प्रकरण अनुसन्धानमा फितलो अनुसन्धान गरेको भन्दै संलग्न प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) का तत्कालीन अधिकृतहरु प्रहरी प्रधान कार्यालय तानिएका छन् । एसपी सञ्जयसिंह थापा, डिएसपीद्वय रुगम कुँवर र दुर्गा दाहाल प्रहरी प्रधान कार्यालय तानिएका हुन् ।
पूर्वन्यायाधीश डिल्ली आचार्य नेतृत्वको जाँचबुझ आयोगले अनुसन्धानमा उनीहरूको गम्भीर कमजोरी औँल्याउँदै अभियुक्तलाई भगाएको प्रतिवेदन बुझाएपछि उनीहरु कारबाही सिफारिस भएका थिए । आयोगको सिफारिससहितको प्रतिवेदन गृहमन्त्री हुँदै प्रधानमन्त्रीलाई बुझाएकै दिन एसपी थापा, डिएसपी कुँवर र दाहाल प्रहरी प्रधान कार्यालय तानिएका छन् ।
थापा सिआईबीबाट जिल्ला प्रहरी कार्यालय नुवाकोट सरुवा भएका थिए । तर उनलाई नुवाकोटबाटै फिर्ता बोलाइएको छ । डिएसपीद्वय सिआइबीमै कार्यरत थिए ।

## सुन प्रकरणमा जोगाइएका पात्रहरु



साउन २ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भित्रिँदै गर्दा भन्सार कार्यालयबाहिर एउटा ट्याक्सीमा बरामद भएको थियो ६१ किलो सुन । मुख्य नाइके थिए चिनियाँ मूलका बेल्जियन नागरिक दावा छिरिङ । उनीसँग काभ्रे प्रशासनबाट लिइएको नेपाली नागरिकता र राहदानीसमेत फेला परेको थियो । तर यो प्रकरणमा धेरै 'हाइ प्रोफाइल' व्यक्ति अनुसन्धानमा तानिए ।
प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले दावासँग सम्पर्कमा देखिएका र आर्थिक लेनदेन गरेका सरकारी अधिकारीलाई बयान गरायो । बोलाएका बेला उपस्थित हुने गरी कागज गराएर छाड्यो । यो प्रकरणमा सरकारी वकिल कार्यालयका जिल्ला न्यायाधिवक्ताद्वय वासुदेव शर्मा र जनकराज घिमिरे चैँ जोडिएका थिएनन् तर अहिले यी दुई माथि पनि कारबाही सिफारिस भएको छ ।
अभियोगपत्र तयार गर्ने क्रममा अध्यागमन विभागका तत्कालीन महानिर्देशक झलकराम अधिकारी र त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख अरुण पोखरेलको नाम पनि प्रतिवादी खण्डमा राखिएको थियो । उनीहरु सहसचिवस्तरका कर्मचारी हुन् । सरकारी वकिलले मुद्दा चलाउने निर्णय गर्नुअघि तयार गरेको फाइलमा दुवै उच्च अधिकारीको नाम उल्लेख थियो र दुवैमाथि मुद्दा चल्ने राय सरकारी वकिलले लेखेका थिए ।
अदालतमा मुद्दा दर्ता हुँदासम्म दुवै नाम काटिइएको थियो । ६१ किलो सुन प्रकरणमा मुछिएपछि गृह मन्त्रालयले तत्कालीन महानिर्देशक अधिकारीलाई भदौ ७ गते जिम्मेवारीबाट हटायो ।
अधिकारी २०७९ फागुन १७ गतेदेखि विभागमा महानिर्देशक थिए । त्यसअघि उनी राजस्व अनुसन्धान विभागका महानिर्देशक थिए । अधिकारीसँग दावाको आर्थिक कारोबारसमेत देखिएको छ । त्यस्तै त्रिभुवन विमानस्थल भन्सार कार्यालयका तत्कालीन प्रमुख अरुण पोखरेलसहित अन्य केही कर्मचारी पनि अनुसन्धानमा तानिएका थिए । दावा भने साउन १४ गते ठमेलबाट पक्राउ परेका थिए । उनीसँग पूर्वउपराष्ट्रपति नन्दबहादुर पुनका छोरा दीपेशको पनि निकट सम्पर्क देखिएको भए पनि मुद्दा चलाइएको थिएन । सिआइबीले उनलाई सामान्य सोधपुछ गरी कागज गराएर छाडेको थियो । यस्तै दावाको नेपाल प्रहरीका पूर्वमहानिरीक्षक सर्वेन्द्र खनाल र धीरजप्रताप सिंहसँग पनि सम्बन्ध देखिको थियो । ती दुवै पूर्वप्रहरी अधिकृतलाई पनि अनुसन्धानबाहिर नै राखियो ।

## सिआइबीका प्रमुखमा झवाली



सरकारले नेपाल प्रहरीका एआइजी श्यामलाल ज्ञवालीलाई केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को प्रमुख बनाएको छ । शुक्रबारको मन्त्रिपरिषद् बैठकले गृह मन्त्रालयको प्रस्तावमा ज्ञवालीलाई सिआइबी प्रमुखमा जिम्मेवारी दिएको हो ।
सुन तस्करी प्रकरणमा विवादमा जोडिएपछि सिआइबी प्रमुख एआइजी किरण बज्राचार्यलाई प्रहरी प्रधान कार्यालय, कार्य विभागमा सरुवा गरिएको छ । सरकारकी प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले वज्राचार्यलाई कुनै कारबाहीका लागि नभई सरुवा मात्रै गरिएको बताइन् ।
ज्ञवाली यसअघि कार्यविभागमा थिए । ज्ञवाली र बज्राचार्य दुवै वर्तमान आईजीपी वसन्त कुँवरकै ब्याची हुन् । ज्ञवाली उपत्यका प्रहरी प्रमुख छँदा नक्कली शरणार्थी प्रकरण कानुनी प्रक्रियामा अघि बढेको
थियो ।
प्रकरणको दोस्रो चरणको अनुसन्धान अघि बढ्न लागेपछि ज्ञवालीसहित अन्य प्रहरी अधिकारी पनि सरूवामा परेका थिए ।

## विज्ञविरुद्ध मुद्दा दायर



शुक्रबार नै पूर्वउपराष्ट्रपति नन्दकिशोर पुनका तत्कालीन सल्लाहकार 'वैदेशिक मामिला विज्ञ' जीवनकुमार गुरुङविरुद्ध जिल्ला अदालत काठमाडौँमा मुद्दा दायर भएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय भन्सार कार्यालयको अनुसन्धान प्रतिवेदनका आधारमा सरकारी वकिल कार्यालयले मुद्दा चलाउने निर्णय गरेको हो । गुरुङविरुद्ध १ अर्ब ४० करोड रुपैयाँबराबरको बिगो कायम गरिएको सरकारी वकिल कार्यालयले जनाएको छ । मंसिर २२ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट १४ किलो सुनसहित बारपाक, गोरखाका चन्द्र घले पक्राउ परेका थिए । अनुसन्धानक्रममा संलग्न गिरोहले १ सय ३८ किलो सुन अवैध तरिकाले ओसारेको पत्ता लागेको थियो । प्रकरणमा तत्कालीन उपराष्ट्रपति पुनका सल्लाहकार गुरुङको संलग्नता खुलेको थियो । पर्वत घर भएका जीवन गुरूङ पूर्वउपराष्ट्रपति सम्म पहुँच बनाएका व्यक्ति भएकाले अनुसन्धानको दायरामा परेका थिएनन् । उनी फरार सूचीमा थिए । भन्सार कार्यालयले ताकेता गरेपछि प्रहरीले गुरुङलाई फागुन १४ गते पक्राउ गरेको थियो । ६२ वर्षीय गुरुङ डिल्लीबजारस्थित प्लाटिनम कलेजका सञ्चालक पनि हुन् ।

## महरालाई पनि मुद्दा चलाइने

साढे ६१ किलो सुन र भेप प्रकरणमा पूर्व सभामुख कृष्ण बहादुर महरासहित ७ जनालाई मुद्दा चलाउन सिफारिस गरिएको छ । सुनको अवैध पैठारी (तस्करी) नियन्त्रण सम्बन्धी जाँचबुझ आयोगले थप ७ जनालाई पूरक अभियोग लैजान सिफारिस गरेको हो । आयोगले वाल्डो क्यासिनोको अकाउन्ट हेर्ने हङकङका नागरिक टेरेन्सलाई पनि मुद्दा चलाउन सिफारिस गरेको छ । ठमेलस्थित चिनियाँ नागरिकको व्यवस्थापनमा सञ्चालित वाल्डो क्यासिनो हङकङ र मकाओमा पनि सञ्चालनमा छ । मन्जील श्रेष्ठ, अविनाश रावत र जीवन गुरुङलाई पनि मुद्दा चलाउन सिफारिस गरिएको छ । अविनाश विमानस्थल भन्सार कार्यालयका अधिकृत विष्णु पौडेलका चालक हुन् । गुरुङ १४ किलो सुन तस्करीमा संलग्न आरोपमा थुनामा छन् ।

## मनि ट्रान्सफर सञ्चालकमाथि गोली प्रहार
## तीन भारतीय इटालियन पेस्तोलसहित पक्राउ



**सञ्जय मिश्रा**
**रौतहट ।**
परोहा नगरपालिका–९, खापचोकस्थित शिव मनि ट्रान्सफरका सञ्चालकमाथि भारतीयले गोली प्रहार गरेका छन् । घटनामा संलग्न तीन भारतीय पक्राउ परेका छन् । उनीहरुले प्रयोग गरेको इटालियन पेस्तोल पनि प्रहरीले बरामद गरेको छ । गोली लोड अवस्थामा सेभेन एमएमको पेस्तोल प्रहरीले बरामद गरेको हो । नेपाल–भारत सीमाक्षेत्रको १० गजा छेउकै बाँसघारीबाट प्रहरीले पाँच राउन्ड गोली लोड रहेको अवस्थामा अटोमेटिक पेस्तोल बरामद गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । शुक्रबार अपरान्ह मनि ट्रान्सफर सञ्चालक, परोहा–९ का नितेश साह्माथि गोली प्रहार गरेपछि स्थानीयले लखेट्दा भारतीय अपराधी भारत दशगजातर्फ भाग्नेक्रममा बाँसघारीमा पेस्तोल फालेर भागेको प्रहरीको अनुमान छ ।यसअघि उनीहरूले प्रयोग गरेको एकथान कटुवा पेस्तोल प्रहरीले बरामद गरेको थियो । डिएसपी गिरीसहितको टोली र सशस्त्र प्रहरीको टोलीले घटनास्थल वरपर सर्च अभियान चलाएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको एसपी महेन्द्र श्रेष्ठले बताए । अपरान्ह भएको गोली प्रहारको घटनामा संलग्न तीनजना भारतीय अपराधीलाई यसअघि नै प्रहरीले पक्राउ गरेको थियो । साथै उनीहरूले प्रयोग गरेको मोटरसाइकलसमेत प्रहरीले नियन्त्रणमा लिएको थियो । मनि ट्रान्सफरमा लुटपाट गर्न आएका भारत, बिहार, मोतीहारीका मनिष कुमार यादव, राजा कुमार पासवान र चन्द्रभान सिंहलाई प्रहरीले पक्राउ गरेको हो । उनीहरू जिल्ला प्रहरी कार्यालय रौतहटको हिरासतमा छन् । गोली लागेर घाइते भएका नितेशलाई प्रादेशिक अस्पताल गौरमा सामान्य उपचारपछि थप उपचारका लागि वीरगंज पठाइएको प्रहरीले जनाएको छ ।

# उपभोक्ता अधिकारप्रतिको जवाफदेहिता



– नेत्र सुवेदी 'प्रयास'

सन् १९६२ मार्च १५ का दिन अमेरिकी कङ्ग्रेसमा सम्बोधन गर्दै तत्कालीन राष्ट्रपति जोन एफ केनेडीले भनेका थिए, 'उपभोक्तामा हामी सबै पर्दछौँ। उपभोक्ता आफैँमा त्यस्तो सबैभन्दा ठूलो आर्थिक समूह हो, जसले सार्वजनिक र निजीस्तरको आर्थिक निर्णयहरुमा प्रभाव पार्दछ र आफू पनि प्रभावमा पर्ने हुन्छ। यति हुँदाहुँदै पनि तिनीहरु नै यस्तो महत्वपूर्ण समूहमा पर्दछन्, जसको धारणा र विचार त्यति सुनिदैन ।' यसरी उपभोक्ता अधिकार स्पष्ट दृष्टिकोणसहितको विशेष सन्देश केनेडीले आफ्नो मन्तव्यमार्फत दिएका थिए। यही विशेष क्षणको सम्झनामा हरेक वर्ष मार्च १५ का दिन विश्व उपभोक्ता अधिकार दिवस मनाउँदै आइएको छ। विश्व उपभोक्ता अधिकार दिवस २०२४ को नारा 'उपभोक्ताका लागि स्वच्छ र जिम्मेवार एआई' रहेको छ।

नेपाल सरकारले विश्व उपभोक्ता दिवस, २०८० को नाराका रुपमा 'स्वच्छ र प्रतिस्पर्धी बजार, उपभोक्ताको सार्वभौम अधिकार' तय गरी विभिन्न कार्यक्रम गरी मनाइरहेको छ। उपभोक्ता दिवसकै पूर्वसन्ध्यामा भएका विभिन्न सम्वाद कार्यक्रममा उपभोक्ता अधिकारकर्मीले उपभोक्ता संरक्षण ऐनमा गरेको व्यवस्थाअनुसार उपभोक्ता अदालत गठन गरिनुपर्ने विषय पनि उठाएका छन् । उपभोक्ता संरक्षण ऐन, २०७५ मा व्यवस्था हुँदाहुँदै पनि अदालत हालसम्म गठन हुन सकेको छैन।

संयुक्त राष्ट्रसङ्घीय महासभाबाट सन् १९८५ मा उपभोक्ताको संरक्षणका लागि राष्ट्रसङ्घीय निर्देशिका पारित भई लागू भयो, यसलाई सन् २०१५ मा परिमार्जन गरी लागू गरिएको छ । यो निर्देशिकामा उपभोक्ताका अधिकार झल्कने गरी उपभोक्तालाई उपलब्ध हुनुपर्ने विषयहरु समेटिएका छन् । निर्देशिकाले उपभोक्ता अधिकारलाई थप वैधता प्रदान गरेको छ। परिमार्जित निर्देशिका जारी गराउनमा कन्जुमर इन्टरनेसनल नामक संस्थाको पनि भूमिका रहेको छ। यो संस्था सन् १९९० मा स्थापित र बेलायतको लण्डनमा प्रधान कार्यालय रही १२० वटा देशसहित २५० वटा सदस्य रहेको अन्तरराष्ट्रिय संस्था हो । यस संस्थाको मिसनका रुपमा 'सबै उपभोक्ताका लागि निष्पक्ष, सुरक्षित र दिगो बजार' रहेको छ। नेपालका दुई संस्था सेवा नेपाल र उपभोक्ता आँखा नेपाल कन्जुमर इन्टरनेसनलको सदस्य रही आएका छन्।

कन्जुमर इन्टरनेसनलले अघि सारेका उपभोक्ताका अधिकारलाई सर्सर्ति नियाल्दा आधारभूत आवश्यकतामा सन्तुष्टिको अधिकार जसमा अति आवश्यक वस्तु र सेवा जस्तो पर्याप्त खाना, कपडा, बासस्थान, स्वास्थ्य सुविधा, शिक्षा, सार्वजनिक रुपमा सबैलाई आवश्यक सुविधा, पानी र सरसफाई पर्दछ भने सुरक्षाको अधिकारमा हाम्रो जीउज्यान र स्वास्थ्यमा हानी गर्ने उत्पादन र उत्पादन प्रकृयाबाट संरक्षित हुने अधिकार पर्दछ । त्यस्तै सूचना प्राप्त गर्ने अधिकार जसमा कुनै विषयमा निर्णय गर्दा प्रयोगमा आउने सूचना पर्दछ र भ्रामक र गलत विज्ञापन वा आवरण सूचनाबाट संरक्षणको परिकल्पना गरिएको छ भने छनोटको अधिकार जसमा उपलव्ध भएका धेरै वस्तु र सेवामध्येबाट प्रतिस्पर्धात्मक तबरले राखिएका मूल्यबाट गुणस्तरीय वस्तु वा सेवा चयन गर्ने सुविधा प्राप्त हुन्छ । अधिकारबाट बञ्चित हुने अवस्थामा उपचारको प्रबन्ध सुनुवाइको अधिकारमा समेटिइएको छ । यस अन्तर्गत सरकारी नीति तथा कानुनको तर्जुमा प्रकृया तथा कुनै पनि वस्तु तथा सेवा बजारमा ल्याउनु अघि उपभोक्ताका सरोकारका विषयहरुको पनि सुनुवाई हुनुपर्दछ अर्थात कुरा राख्ने अवसर मिल्नुपर्दछ भन्ने विषय मूलरुपमा समेटिइएको छ। त्यस्तै समस्या सम्बोधनको अधिकारमा उपभोक्ताबाट उठेका उचित दाबी जस्तो कि क्षतिपूर्ति पाउनुपर्ने वा प्रतिनिधित्व हुनुपर्ने हुन्छ भने उपभोक्ता शिक्षाको अधिकारमा वस्तु र सेवाको सही र परिपक्व खालको चयन गर्न सक्ने शिक्षा र सीप पाउने अवस्थाको सिर्जना गरिनुपर्दछ । स्वस्थ वातावरणको अधिकारले वर्तमान र भावी पुस्ताका लागि समेत वसोवास गर्ने र काम गर्ने उपयुक्त वातावरणको सिर्जना हुनुपर्ने माग गर्दछ ।

**चिन्तन गर्ने मेसिन**

चिन्तन गर्नु नै मानिसको कहिल्यै नमर्ने आत्माको आधार हो भनिन्छ । दुई किसिमका चिन्तन र विचारहरु हुने बताइएको छ। पहिलो भनेको वास्तविक चिन्तन हो जुन चाँहि दिमागबाट नै हुने गर्दछ। दोश्रो भनेको नक्कल गरेर हुने चिन्तन हो जसलाई सिमुलेसन चिन्तन भन्न सकिन्छ र यो चिन्तन कम्प्युटर वा मेसिनको माध्यमबाट हुन्छ। अब प्रश्न उठ्न सक्छ कि मेसिनको मुर्खता कसले समाधान गर्ने ? सूचनाको अनावश्यक वाढीको लागि को जिम्मेवार ? त्यस्तै एआई मा पहुँच हुने र यो सम्वन्धमा अनभिज्ञ र यसको पहुँच नभएकाहरुको छुट्टै वर्ग स्थापित गरिदैछ भन्ने जस्ता वहसहरु प्रारम्भ भएका छन्।

**एआई र उपभोक्ता**

नेपालमा पनि आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अर्थात कृतिम बौद्धिकता को सदुपयोग सम्बन्धमा नीति खाका र रणनीतिहरु तयार गर्ने वहस प्रारम्भ भएको छ । बजारमा प्रयोगमा रहेका विभिन्न प्रविधिमध्ये खासगरी विश्व बजारबाट नेपालमा भित्रिने र स्मार्ट फोन वा इन्टरनेटका माध्यमबाट हामी पनि प्रयोग गरिरहेको विषय



भनेको च्याटजिपिटीलगायतका एआई टुल पनि हो । त्यस्तै समकालीन विश्व परिवेशमा सामाजिक सञ्जालले पनि प्रभावमा राखेको छ, जसमा एलगोरिदममार्फत प्रयोगकर्ताको रुचिअनुसारका सामग्री प्रवाह भैरहेका छन् । एलगोरिदमको प्रयोगबाट रुचिउपर प्रभाव पार्न विज्ञापन गर्ने काम भैरहेको छ । जस्तो कि उपभोक्ताले मोटरवाइक सर्च गरेको अवस्थामा सबै उपलब्ध विकल्पहरु नदिएर अलि महँगो र देख्दैखेरी लोभ्याउने खालको वाइकको भिडियो वा फोटोसहितको विज्ञापन पटकपटक आउँछ ताकि एआईको प्रयोगकर्तालाई खरिदका लागि दबाब होस्। यसबाट धन नभएका तर मन भएकालाई तनाब पनि सिर्जना गर्दछ । त्यस्तै कतिपय चित्र वा भिडियो सर्च गर्ने प्रवृत्ति बढ्दै गै एडिक्सन पनि हुन सक्छ।

पूर्वाधार विकासका दृष्टिले सुगम र दुर्गम, तिर्न सक्ने क्षमताका दृष्टिले धनी र गरिबका बीच सूचना प्रविधि तथा एआई औजार प्रयोगमा रहेको अन्तरले सिर्जना गरेको देश र त्यो देशका जनताबीचको भेदलाई डिजिटल डिभाइड समेत भनिने र यो अन्तरलाई कम गर्नु पनि चुनौतीपूर्ण रहेको छ । त्यस्तै इन्टरनेटको पहुँचमा रहेका सबैलाई निःशुल्क उपलव्ध केही एआई जन्य एप बाहेक धेरै औजारहरु लागतको दृष्टिले महँगा छन् । यतिमात्र होइन, जेनरल प्रपोज एआइ टुल अङ्ग्रेजी भाषा मात्र उपलब्ध हुनुका साथै उत्तर अमेरिकाको संस्कृति र भापाप्रतिको झुकाव देखिन्छ। प्रयोग बढ्दै जाँदा समस्या देखिनु र समाधानका उपायको खोजी हुनु स्वभाविक छ तर यो प्रकृयामा उपभोक्ताकै पनि कति हानी नोक्सानी हुने गर्दछ। यसको चासो र सरोकार कसले लिने ?

एआईको बढ्दो प्रयोगले बौद्धिक सम्पत्ति असुरक्षित भएको र प्रतिलिपी अधिकारको उल्लंघन बढेको गुनासो व्याप्त हुन थालेको छ । हालसालै द न्युयोर्क टाइम्सले च्याटजिपिटीको कम्पनी ओपेनएआई र माइक्रोसफ्टले पत्रिकाका लाखौँ लेख प्रयोग गरेको आरोप लगाएको छ भने जोन ग्रिसम, जोनाथन फ्रेन्जेनसहित केही अमेरिकी उपन्यासकारको समूहले ओपेनएआईमाथि आफ्नो सामग्रीको दुरुपयोग भएको भन्दै उजुरी दिने घोषणा गरेका छन्। गेट्टी इमेज नामक फोटो एजेन्सीले आफ्ना तस्बिरको विश्लेषण गरेकामा एआई कम्पनी स्टेबिलिटी एआईविरुद्ध मुद्दा हाल्ने भएको छ । यी विभिन्न मुद्दामाथिको पहिलो फैसला यही वर्ष आउन सक्ने बताइएको छ । यसले प्रतिलिपि अधिकारको वर्तमान नियम कानुनमा र एआईको प्रयोगमा के कस्तो सुधार आवश्यक छ भन्ने पनि व्याख्या हुनेछ । अर्कोतर्फ एआईको प्रयोग सम्बन्धमा यससम्बन्धी विश्वमै पहिलो कानुन युरोपेली युनियनले बनाउँदैछ । एल्गोरिदमका विशेषतामध्ये भाषा स्वतन्त्रता पनि पर्दछ। तर के देशको संस्कृति एवं कानुनअनुसार वर्तमान कम्पनीहरुले एल्गोरिदम प्रयोग गरेका छन् त ? यो प्रश्नको जवाफ खोज्न र जिम्मेवार बनाउन आवश्यक छ।

विभिन्न सनसनीयुक्त अभिव्यक्तिहरु बाहिर आउने तर वास्तविकता विस्तारै मात्र आउने सन्दर्भमा यी सन्देसहरुको प्रवाह समेत आधिकारिक रुपमा हुनु आवश्यक छ। जस्तो अबको १० वर्षमा धेरै चिजहरु हाम्रो ग्याजेटमा अटाउनेछन् र अहिलेका पेशा व्यवसाय एवं शिक्षा पद्धति पनि यदि समयमै सोचेर प्रविधिमैत्री सुधार गरिएन भने १० वर्षभित्र अर्थहीन हुनेछन् भनिएको छ । सामाजिक सञ्जाल, मेसिन लर्निङ्गसहितको एआईको व्यापक प्रयोगबाट गोपनीयता स्वायत्तता र समुन्नतिका सबै आयामहरु प्रभावित हुने देखिन्छ। यतिमात्र होइन, विभिन्न कम्पनीले प्रयोगमा ल्याएको अल्गोरिदम सम्बन्धमा टकराव पनि हुन सक्छ। जसको प्रभाव विश्व वजार र उपभोक्ता समेत पर्ने देखिन्छ।

अर्कोतर्फ एआईको उपयोग गरेर उपभोक्ताको सर्भेक्षण गर्नुको साथै व्यक्तिगत तहको प्रोफाइल तयारी र उपयोग हुन सक्ने देखिन्छ । एआई सम्बन्धमा विभिन्न ब्लक र देशहरुले आआफ्नो नियमन परिपाटी प्रयोग त गर्लान तर कानुन बनाएर संशोधन गरेर मात्र देखा परेको असन्तुलनको समाधान हुँदैन। उपभोक्ताको सबलीकरण आवश्यक हुन्छ । प्रयोगमा आएका सर्च इन्जिन, अनुवादका औजार, व्यक्तिको रुचिअनुसारका वस्तु तथा सेवाको सिफारिस वा विज्ञापन के, किन र कसरी प्रयोग भएको छ भन्ने बुझ्नुपर्ने हुन्छ । कम्पनीले प्रयोगमा ल्याएको डाटा पोलिसी गोप्य हुने र के कस्ता ठीक÷बेठीक वा गैरकानुनी काम गरेको छ भन्ने पनि अनुमान गर्न सरल छैन। उपभोक्ता कानुनको परिपालना परीक्षण गर्नका लागि पनि एआइको प्रयोग हुन सक्छ।

**निष्पक्ष र जिम्मेवार एआइको प्रसङ्ग**

जिम्मेवार एआइका सिद्धान्तमा खासगरी निष्पक्षता पारदर्शीता करुणा बृहत् खाका र जवाफदेहीता पर्दछन्। जिम्मेवार एआइको महत्वका सम्बन्धमा चर्चा गर्नुपर्दा यस्तो खालको एआई टुलले खासगरी प्रयोगकर्ता र सरोकारवालाबीचमा विश्वासको वातावरण बन्दछ । त्यस्तो त निष्पक्ष, पारदर्शी र नैतिक कार्यप्रणाली अवलम्वन गर्दा नै सकारात्मक परिवेश बन्न जान्छ । समावेश खालको कार्यप्रणाली अवलम्बन गर्दा विविधतायुक्त जनसङ्ख्यामा पुग्न सरल हुन्छ । साथै नियमन खाका प्रति सचेत रहन सकेमा जरिवाना लगायतका कानुनी सँजायबाट बच्न सकिन्छ। सम्भावित जोखिमको पहिचान र न्यूनीकरण समयमै गर्न तथा सूचनाको सही प्रयोग गरी गुणस्तरीय निर्णयका लागि समेत एआई उपयोगी हुन्छ । कतै व्यापारिक उपलब्धि मात्र हाबी भै उपभोक्ताहरु मारमा त परेका छैनन् भन्ने बारेमा उपभोक्ता स्वयम्, नियामक निकाय र उपभोक्ताअधिकारवादी संस्थाहरु चनाखो हुनुपर्ने देखिन्छ।

**सङ्घीय संरचनामा उपभोक्ता अधिकार**

नेपालको संविधानले धारा ४४ मा उपभोक्ताको हको व्यवस्था गर्दै गुणस्तरीय वस्तु र सेवामा पहुँचको हकको प्रत्याभूतिको व्यवस्था गरेको छ । उपभोक्ताहरु तीनै तहको सरकारसँग सम्वन्धित रहने सार्वभौम पक्ष पनि भएको हुँदा कानुन, संरचना र तथ्याङ्क प्रणालीमा आपसी समन्वय हुनु आवश्यक छ । नागरिकको नजिकबाट यो हकको प्रत्याभूतिका लागि वडा तहमा समेत गुनासो राख्ने र सम्बोधन गर्न सक्ने गरी व्यवस्था गरिनुपर्दछ भने टोल विकास संस्था, क्लब समूहहरुले समेत उपभोक्ता जागरणका लागि विभिन्न अभियानसहितका कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था गरिनु उपयुक्त हुन्छ।

स्वच्छ बजार कायम गर्नका लागि नियमनको विधिसम्मत र वस्तुगत खाका, विक्रेतामा व्यावसायिक मूल्य मान्यता, उपभोक्तामा विवेकशीलता र सजगता तथा बजार गतिविधिको बारेमा सूचना प्रवाह र पैरवी आवश्यक पर्दछ। यी पक्षहरु आपसमा परिपूरक वा अझ भन्नुपर्दा एकआपसमा पुनर्बल दिने खालका हुनु आवश्यक छ। स्वच्छ बजार हुनका लागि उल्लेखित चार पक्षको व्यवहारमै सक्रियता र संवेदनशीलता आवश्यक छ न कि घोषणा मन्तव्य बाह्य प्रतिवद्धता वा भन्न र देखाउनकै लागि गरिने पटके र देखावटी कार्य।

**निष्कर्ष**

चाहे जस्तोसुकै प्रविधि वा माध्यमको प्रयोग भएको होस् उपभोक्ताको सार्वभौम अधिकारको सम्मान हुनैपर्दछ । नेपालभित्र प्रयोग भैरहेका सामाजिक सञ्जाल र एआई प्रविधिको नियमनका लागि राज्यले नीति, कानुन, कार्यविधि लागू गर्न ढिला गर्न हुँदैन । समयक्रममा परिमार्जन हुँदै विषय र नेपालभित्र यस्तो प्रविधिको विकास र विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्ने तर्फ पनि विचार पु¥याउनुपर्दछ । बजार स्वच्छ र प्रतिस्पर्धात्मक बन्न सकोस्। रासस


**लेखक वर्गमा अनुरोध**

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

**कार्यक्रम आयोजकमा अनुरोध**

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशद्दष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# शान्तिपूर्ण विरोध गर्नु जनताको हक होः यादव



**मधेशदृष्टि**
**राजविराज ।**
राष्ट्रिय एकता अभियानका बरिष्ठ नेता विपी यादवले पोष्टर घटनामा अभियाको कुनै संलग्नता नभएको बताएका छन् । लोसपाका केन्द्रीय सदस्य समेत रहेका यादवले शुक्रबार प्रेस विज्ञप्ति जारी गर्दै यस्तो बताएका हुन् । जनकपुरबाट राष्ट्रिय एकता अभियानका केही नेता तथा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेकोप्रति आफ्नो ध्यानाकर्षण भएको जनाउँदै उनले पक्राउ परेका नेता कार्यकर्ताको रिहाईको माग गरेका छन् । संघीय सरकारको गृहमन्त्रीको निर्देशनमा जनकपुरबाट मनिष पुर्बे, पंकज झा र वीरगंजबाट उदय रौनियार र नवीन भट्टराईलाई प्रहरीले शंकाको भरमा पक्राउ गरेर थुनामा राखेको उनको भनाइ छ ।

मधेशको भू–भागमा केही दिनदेखि प्रधानमन्त्री पुष्पकमल दहाल र उपप्रधानमन्त्री एवं स्वास्थ्य मन्त्री उपेन्द्र यादवको फोटो राखि गरिएको अमर्यादित कार्यप्रति आफूहरुको ध्यान आकर्षित भएको विज्ञप्तिमा उल्लेख छ । 'राष्ट्रिय एकता अभियानको उद्देश्य राष्ट्र, समुदाय, समाज र व्यक्तिहरुबीच एकता अर्थात जोडने न कि तोडने कार्यमा हाम्रो नेता र कार्यकर्ताको संलग्नता कहि कतै छैन' विज्ञप्तिमा भनिएको छ ।

पुष्पकमल दहाल प्रचण्डको नेतृत्वमा १५ महिनाको अवधिमा तीन पटक विश्वासको मत, १६ पटक मन्त्रिमण्डलको पुनर्गठन र दोस्रो पटक समीकरण अदलबदल गर्दा देश र जनताको लागि कदापि लाभदायक नभएको उनको ठहर छ ।

व्यक्तिगत पदीय फाइदाको लागि चाईनिजको ईसारामा राता–रात समीकरण बदलेको यथार्थ कुराको शान्तिपूर्ण बिरोध गर्नु जनताको संविधान अनुसारको हक भएको यादवको भनाइ छ । संविधानसभाका सदस्य समेत रहेका यादवले 'राष्ट्रिय एकता अभियान चिनियाँ विस्तारवाद, ईस्लामिक आतंकवादको विरुद्ध एवम संघीय लोकतान्त्रिक हिन्दु गणतन्त्रको स्थापनार्थ संघर्षरत रहेको विज्ञप्तिमा उल्लेख गरेको छ ।

# उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई पुरस्कारको व्यवस्था




मधेशदृष्टि
रौतहट ।
रौतहटस्थित सरकारी तथा सामुदायिक विद्यालयहरूले परीक्षालाई व्यवस्थित गर्दै आएका छन् । सम्बन्धित विद्यालयका शिक्षकहरुले आआफ्नो स्वविवेक अनुसार परीक्षा सञ्चालन गर्ने हुँदा सो विद्यालय बाहेक कतै कुनै निकायबाट अनुगमन निरीक्षण समेत हुने गरेको थिएन । तर यस पटक गुजरा नगरपालिका अन्तर्गत संचालित आधारभूत तह (कक्षा ८)मा नगर स्तरीय वार्षिक परीक्षाको दृश्य छुट्टै देखिएको छ ।

मेयर सन्तलाल चौधरीको सुझाव र यूवा, खेलकुद तथा शिक्षा शाखाका अधिकृत शिव मंगल साहको सक्रियताले केन्द्रमा कक्षा ८ को परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन गरिएको छ ।

नगर क्षेत्रभित्रका १२ वटा विद्यालयका ६०१ जना परीक्षार्थीलाई मात्र ३ वटा परीक्षा केन्द्रमा राखेर बिहीबारदेखि परीक्षा सञ्चालन गरिएको शिक्षा शाखा अधिकृत शिव मंगल साहले जानकारी दिए ।

परीक्षा हलमा प्रवेश गर्नु अघि केन्द्रमा खटिएका प्रहरीको रोहवरमा विद्यालय कर्मचारीले परीक्षार्थीले चिट, गाईड, गेसपेपर, किताब लुकाएर लागिरहेको छ, छैन गेटमै चेक गर्ने र परीक्षा अवधिभर प्रहरीले केन्द्रको सुरक्षा गरिरहेको अधिकृत साहले बताए । प्रत्येक परीक्षा केन्द्रमा एक जना केन्द्राध्यक्ष, एकजना सहायक केन्द्राध्यक्ष अन्य शिक्षक सहयोगीको अलावा सुरक्षाका लागि २ जना प्रहरी खटाइएको छ ।

त्यसैगरी परीक्षा अवधिमा उपमेयर रतना लामा, प्रमुख प्रशासकीय अधिकृत राजकुमार अधिकारी, शिक्षा शाखा, नगर शिक्षा संयोजक लगायतको छुट्टाछुट्टै टोलीले परीक्षा मर्यादित बनाउन पटकपटक अनुगमन गरिरहेको छ । परीक्षा सम्पन्न हुनासाथ उत्तरपुस्तिका सुरक्षीत र ब्यवस्थित तरिकाले नगर शिक्षा शाखाको जिम्मा गइरहेको छ भने त्यसको जाँच नगरपालिकाको समन्वयमा गरेर नयाँ सत्र सुरु हुन अघि नतिजा प्रकाशित गर्ने योजना रहेको प्रमुख प्रशासकिय अधिकृत राजकुमार अधिकारीले बताए । यसरी व्यवस्थित र मर्यादित तरिकाले सम्पन्न हुने कक्षा ८ को परीक्षाको नतिजा राम्रो ल्याउन सफल हुने विद्यालयलाई नगद ५० हजार रुपैयाँदेखि उत्कृष्ट विद्यालयलाई ३ लाख रुपैयाँसम्म नगरपालिकाले पुरस्कारको व्यवस्था गरेको मेयर सन्तलाल चौधरीले बताए ।

रौतहट जिल्लाको १८ स्थानिय तह मध्ये कक्षा ८ को परीक्षा मर्यादित र व्यवस्थित गर्ने पहिलो नगरपालिका गुजारा रहेको उनको दाबी छ । गुजरा नगरपालिका जस्तै रौतहटका अन्य पालिकाले पनि परीक्षालाई आधारभूत तहदेखि नै व्यवस्थित र मर्यादित बनाएमा विद्यार्थीलाई उच्च शिक्षा हासिल गर्न सहज हुने उनीहरुको बुझाइ छ ।

# एक हजार लिटर मदिरा नष्ट



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले एक हजार लिटर घरेलु मदिरा नष्ट गरेको छ ।

प्रहरीले एक हजार लिटरको तयारी घरेलु मदिरा नियन्त्रणमा लिई नष्ट गरेको जनाएको छ । वीरगंज माहानगरपालिका वडा १५ बसपार्कबाट उक्त परिमाणको घरेलु मदिरा प्रहरीले नियन्त्रणमा लिएको थियो ।

जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले सवारी साधन तथा पैदल यात्रुहरुको चेकजाँच गर्ने क्रममा पथलैयाबाट विभिन्न सवारीसाधनमा वीरगंजतर्फ ल्याइएको घरेलु मदिरा बरामद गरिएको पर्साका प्रहरी प्रवक्ता एवम डिएसपी कुमार विक्रम थापाले जानकारी दिए ।

प्रहरीले बरमाद गरेको एक हजार लिटर तयारी घरेलु मदिरा स्थानीय भद्रभलादमीहरुको रोहबरमा जिल्ला प्रहरी कार्यालयको खाली जग्गामा नष्ट गरिएको प्रहरी प्रवक्ता थापाले बताए ।

# श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ



मधेशदृष्टि
सिरहा ।
आफ्नै श्रीमती हत्या गरेको अभियोगमा एक जना पक्राउ परेका छन् । लक्ष्मीपुरपतारी गाउँपालिका वडा नम्बर ६ सितापुर बस्ने श्रीदेव दास भन्ने ५६ वर्षीय राम सितल तत्मालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । आफ्नै श्रीमती ४० वर्षीया कुमियाँ देवी दासको हत्या गरेको आरोपमा उनी पक्राउ परेको प्रहरीले जनाएको छ ।

तत्माले धारिलो हतियार खुकुरी प्रहार गर्दा कुमियाँ देवीको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सितापुर र इलाका प्रहरी कार्यालय लहानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा युवक घाइते

**मधेशदृष्टि**
**बारा ।**
बारामा मोटरसाइकल एकापसमा ठोक्किँदा एक जना युवक गम्भीर घाइते भएका छन् । प्रसौनी गाउँपालिका वडा नम्बर २ स्थित पालिका कार्यालय अगाडि मोटरसाइकल एकापसमा ठक्कर खाँदा एक युवक गम्भीर घाइते भएका हुन् ।

शुक्रबार बिहान वीरगंजबाट कलैयातर्फ जाँदै गरेको ना ६५ प २८४९ नम्बरको मोटरसाइकल र बिआर ०५ जेड ९८५५ नम्बरको भारतीय नम्बर प्लेटको मोटरसाइकल एकापसमा ठक्कर खाएको थियो । दुर्घटनामा २८४९ नम्बरका मोटरसाइकल चालक विश्रामपुर गाँउपालिका वडा नम्बर १ बलिरामपुर बस्ने मुकेश शर्मा घाइते भएको बाराका प्रहरी प्रवक्ता डिएसपी दधिराम न्यौपानेले जानकारी दिए ।

घाइतेको वीरगंजस्थित एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको र अवस्था गम्भीर रहेको डिएसपी न्यौपानेले बताए । भारतीय मोटरसाइकलका चालक भने फरार रहेको र उनको खोजी भइरहेको बारा प्रहरीले जनाएको छ ।

# जनकपुरधाममा ललितकला प्रदर्शनी

**रासस**
**जनकपुरधाम ।**
मिथिला कलाको प्रवद्र्धन गर्ने उद्देश्यले जनकपुरधाममा चार दिवसीय प्रादेशिक ललितकला प्रदर्शनी–२०८० आयोजना गरिएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान काठमाडौँ र मधेश प्रज्ञा प्रतिष्ठानको संयुक्त आयोजनामा जनकपुरथामस्थित महेन्द्रनारायण निधि संस्कृति केन्द्रमा शुक्रबारदेखि प्रदर्शनी आयोजना गरिएको हो । प्रदर्शनीको समुद्घाटनपछि कार्यक्रमलाई सम्बोधन गर्दै नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीले मोफसलका कलकर्मीको सिर्जनाको पहिचान र सम्मानका लागि पहिलो पटक मधेश प्रदेशमा ललितकला प्रदर्शनी आयोजना गरिएको जानकारी दिए । उनले काठमाडौँमा रहेको अवसरलाई नेपालका सबै भूभागमा लैजान स्थानीयस्तरमा काम गर्ने सम्बद्ध संस्थासँगको सहकार्यमा यस्ता अभियान गर्ने १५औँ प्रज्ञासभाको निर्णयअनुसार आफूहरू प्रादेशिकस्तरमा आएको जानकारी दिए ।

कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले चार दिनसम्म चल्ने कला प्रदर्शनीले स्थानीय प्रतिभाको पहिचान गरी हौसला बढाउन उपयोगी हुने विचार व्यक्त गरे । अध्यक्ष कापडीले ललितकला प्रतिष्ठानलाई पहिलोपटक काठमाडौँभन्दा बाहिर ल्याइएकामा प्रशंसा गर्दै स्थानीय कलाकर्मीको प्रोत्साहनका लागि आफूहरू सधैँ सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताए ।

जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले मिथिला कला संस्कृतिको विकासका लागि उपमहानगरपालिका सधैँ कलाकर्मीका साथमा रहेको बताए । उनले मैथिली र भोजपुरी सभ्यतासँग जोडिएका सम्पदाको पहिचान र संरक्षण गर्न लागिपर्ने प्रतिबद्धतासमेत व्यक्त गरे । कार्यक्रममा मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य दिनेश यादव, डा देवनारायण यादव, हरिवन नगरपालिका सर्लाहीका उपप्रमुख हरिमाया घलान, कलाकर्मी रुबी पाठक, जीवयदत्त मणीलगायतले मधेसको परम्परा, संस्कृति र सभ्यतालाई झल्काउने कलाको संरक्षण गर्न तीन तहका सरकार र सरोकारवालाको पहलकदमी जरुरी रहेको धारणा राखेका थिए ।

कार्यक्रममा मधेश प्रदेशका आठै जिल्लाका कलाकर्मी एक सयभन्दा बढी चित्रकार तथा कलाकर्मीहरूको सहभागिता रहेको छ । उद्घाटन समारोहमा कला क्षेत्रमा महत्वपूर्ण योगदान गरेको भन्दै कलाकर्मीहरू सीतादेवी कर्ण, मञ्जुला ठाकुर, सुलोचना कर्ण, विजयदत्त मणि र मुन्नी ठाकुरलाई सम्मानसमेत गरिएको थियो ।

## धनुषा निर्माण व्यवसायी संघ

**जनकपुरधाम–२०४७**

**फोन नं. ०४१–५२२२६९**

धनुषा निर्माण व्यवसायी संघको चुनाव प्रक्रिया निम्न अनुसार छन् ।

१) मतदाता नामावली प्रकाशन २०८०–१२–९ गते
२) मतदाता नामावलीमाथि दावी विरोध २०८०–१२–१३ गते
३) अन्तिम नामावली प्रकाशन २०८०–१२–१६ गते
४) मनोनयन दर्ता २०८०–१२–१८ गते बिहान ११ बजेदेखि साँझ ४ बजेसम्म
५) मनोनयनमाथि दावी विरोध २०८०–१२–१९ गते दिउँसो १ बजेसम्म
६) उम्मेदवारको अन्तिम नामावली प्रकाशन २०८०–१२–२०
७) चुनाव २०८०–१२–२४ गते बिहान ८:३० बजेदेखि बेलुका ५ बजे सम्म

**कामेश्वर झा**
निर्वाचन आयुक्त

दादुरा-रूबेला खोप अभियान
२०८० फाल्गुन १३ देखि चैत्र ७ गते सम्म




दादुरा, रूबेला अतिनै संक्रामक र प्राणघातक रोगहरू हुन् । यसबाट बालबालिकाको मृत्यु समेत हुन सक्छ । दादुरा-रूबेला भएको एक जना व्यक्तिले १८ जना सम्मलाई सार्न सक्छ ।
त्यसैले आफ्ना बालबालिकालाई दादुरा रूबेला खोप लगाएर यी रोगहरू लाग्नबाट बचाऔं ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
जनकपुरधाम, धनुषा, नेपाल

# भगवान् रामचन्द्रको डोला लिएर मडै गाउँतर्फ प्रस्थान



संसारकै लामो पैदल यात्रा मानिएको १५ दिने माध्यमिकी परिक्रमाको यात्रीहरू आज महोत्तरीको सदरमुकाम जलेश्वरमा चौथो दिनको विश्रामपश्चात पाँचौं दिनको बासका लागि भगवान् रामचन्द्र (मिथिला विहारीजी) को डोला लिएर महोत्तरी गाउँपालिकाको वडा नम्बर –३ मडै गाउँतर्फ जाँदै । तस्बिरः सञ्जीतकुमार मण्डल/रासस

# तलबको माग गर्दै शिक्षक धर्नामा




**सञ्जय मिश्रा**
**रौतहट ।**
नगदमा सम्झौता गर्ने उधारोमा होईन भन्दै रौतहटको फतुवा विजयपुर नगरपालिकामा तलबको माग गर्दै आन्दोलनरत शिक्षकहरू तेस्रो दिन पनि धर्ना जारी राखेका छन् । शुक्रबार कार्यालय समय सुरु हुनासाथ बिहान १० बजेदेखि दुई दर्जन बढीको संख्यामा शिक्षक र शिक्षिकाले नगरपालिका अगाडि धर्ना दिएका हुन् । आफ्नो बैंक खातामा तलब नगएसम्म धर्ना जारी राख्ने अडान राखेका चार वटा माध्यमिक विद्यालयका प्रधानाध्यापकसहित १६ विद्यालयका प्रधानाध्यापकहरुले वार्षिक परीक्षा समेत बहिष्कार गरेका छन् । परीक्षा बहिष्कारको बाबजुत केही विद्यालयमा सञ्चालन भएको भए पनि केही विद्यालयमा परीक्षा स्थगित भएका छन् । नगरक्षेत्र अन्तर्गत ३२ विद्यालयमा अध्ययनरत कक्षा १ देखि ९ सम्मका झण्डै ६ हजार बालबालिका मध्ये १६ विद्यालयका ३ हजार विद्यार्थी वार्षिक परीक्षामा सहभागी भएका छन भने त्यतिकै संख्यामा विद्यार्थीहरू परीक्षा दिनबाट वञ्चित भएका हुन् । फतुवा विजयपुर नगरक्षेत्र अन्तर्गत प्रस्तावित सहित ७ मावि ४ निमावि र २१ प्राथमिक विद्यालयमा कार्यरत २०४ शिक्षक कर्मचारी तथा अन्य क्षेत्रमा कार्यरत गरी ३५० कर्मचारी गत साउनदेखि हालसम्म तलब पाएका छैनन् । होली पर्व आउन केही दिन बाँकी छँदा तलब पाउने सम्भावना कम देखिएको भन्दै नगरका शिक्षकहरू गत बुधवार बिहान १० बजेदेखि नगरपालिका अगाडी धर्ना बस्दै आएका छन् ।

जबसम्म शिक्षक कर्मचारीको खातामा तलब जाँदैन तबसम्म वार्षिक परीक्षा सञ्चालन नगर्ने शिक्षकहरु अडानका बीच धर्ना जारी रहेको मावी विजयपुरका प्रधानाध्यापक शंकर राय यादवले बताए । कार्यवाहक मेयर अम्बेया खातुन र प्रमुख प्रशासकीय अधिकृत उपसचिव सुरेन्द्र प्रधानले सम्पूर्ण शिक्षक कर्मचारीको तलब आगामी ४ गते आइतबार खातामा जाने निश्चित भएकाले विद्यार्थीको भविष्यको लागि परीक्षा सञ्चालन गर्न शिक्षकहरूलाई आग्रह गर्दै आएका छन् । नेपाली कांग्रेसबाट मेयरमा निर्वाचित गोपाल राय यादव नदी टेन्डरको मुद्दामा दोषी ठहर भएर बिशेष अदालतबाट दण्ड सजायको निर्णय भएसंगै उनको पद रिक्त भएपछि सोही पार्टीबाट निर्वाचित उपमेयर खातुन कार्यवाहक बनेकी थिइन् ।

# पेट्रोल र डिजेलको मूल्य घट्यो

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले पेट्रोल र डिजेलको मूल्य घटाएको छ । इण्डियन आयल कर्पोरेसनबाट मूल्य घटेर आएपछि निगमले शुक्रबार पेट्रोल र डिजेलको मूल्य घटाउने निर्णय गरेको हो । निगमले शनिबार बिहान १ बजेदेखि लागू हुनेगरी पेट्रोलको १ रुपैयाँ र डिजेल तथा मट्टीतेलको मूल्य प्रतिलिटर २ रुपैयाँ घटाउने निर्णय गरेको हो । यससँगै अब नयाँ मूल्य पेट्रोलको प्रतिलिटर पहिलो वर्गमा १६८.५०, दोस्रो वर्गमा १७० र तेस्रो वर्गमा १७१ रुपैयाँ पुगेको छ । त्यस्तै डिजेल र मट्टितेलमा प्रतिलिटर पहिलो वर्गमा १५५.५०, दोस्रो १५७, तेस्रो १५८ रुपैयाँ पुगेको छ ।

# संघीयता कार्यान्वयनमा जोड दिन मुख्यमन्त्रीलाई ज्ञापनपत्र



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई संघीयता कार्यान्वयनमा जोड दिन भन्दै वुद्धिजिवी नागरिक समाजले ज्ञापनपत्र बुझाएको छ ।

शुक्रबार नागरिक समाजले संघीयताको कार्यान्वयन, सुशासन, कृषि, शिक्षा लगायत सुधारसम्बन्धी १६ बुँदे मागसहित मुख्यमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

प्रहरी समायोजन, प्रदेश लोकसेवा मार्फत कर्मचारी पदपूर्ति लगायतका विषयहरु उल्लेख गरेका छन् ।

साथै नागरिक समाजले प्रहरी प्रशासन समायोजन, आवश्यक कानुन निर्माण, प्रदेश लोकसेवा मार्फत आवश्यक कर्मचारीको पदपूर्ति, सुशासनको प्रत्याभूति, प्रदेश सरकारको कामकाजको निरन्तर सामाजिक परिक्षण, गुणस्तरीय शिक्षा तथा मर्यादित परीक्षा लगायतका सुझावहरु दिएका छन् ।

खेलकुदलाई व्यवस्थित, सुलभ, गुणस्तरीय स्वास्थ्य सेवा, सामाजिक सुरक्षाको दायरा विस्तार, एकीकृत प्राकृतिक श्रोत व्यवस्थापन लगायतका विषयहरु ज्ञापनपत्रमा समावेश गरेका छन् ।

# स्रोत नखुलेको रकमसहिच चार जना पक्राउ



**मधेशदृष्टि**
**वीरगंज ।**
जिल्ला प्रहरी कार्यालय पर्साले श्रोत नखुलेको चार लाख रुपैयाँ नगदसहित चार जनालाई पक्राउ गरेको छ । साथै उनीहरुको साथबाट बैंकिङ्ग कारोबारका चेक तथा रकम जम्मा गरेका रसिद समेत बरामद गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ पर्नेमा वीरगंज महागनरपा िलका वडा नम्बर १० निवासी ३२ वर्षीय कुनाल कुमार जैसवाल, वीरगंजकै वडा नम्बर २२ निवासी ३९ वर्षीय वीरेन्द्र साह तेली, २० वर्षीया रेखा कुमारी साह र पर्साको जगरनाथपुर गाउँपालिका वडा नम्बर ६ निवासी २५ वर्षीय मितु कुमार कुर्मी रहेका छन् ।

वीरगंज महानगरपालिकाको वडा नम्बर १० स्थित कुनाल कुमार जैसवालको किराना पसलमा छापामारी चार लाख तीन हजार रुपैयाँसहित चार जनालाई पक्राउ गरिएको पर्सा प्रहरी प्रवक्ता कुमारविक्रम थापाले जानकारी दिए । जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको टोलीले नविल बैंकको ४ लाख ५९ हजार ५ सय रुपैयाँ, एनआईसी एसिया बैंकको ८ लाख ३ हजार रुपैयाँ, राष्ट्रिय वाणिज्य बैंकको १८ लाख ५० हजार रुपैयाँ बैंक डिपोजिट स्लिपसहित उनीहरुको साथबाट विभिन्न बैंकका चेकबुक १३ थान, काटिएको चेक ६६ थान र एनड्रोड स्मार्ट फोन ७ थान बरामद गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेका चारै जनालाई बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन अन्तर्गत कारबाही प्रक्रिया अगाडि बढाइएको पर्सा प्रहरी प्रवक्ता थापाले बताए ।

# छोराले केटी भगाएपछि आमा प्रहरी नियन्त्रणमा

**मधेशदृष्टि**
**वीरगंज ।**
**छोराले किशोरी भगाएको आरोपमा पर्सा प्रहरीले एक महिलालाई नियन्त्रणमा लिएर मानसिक यातना दिएको पीडित परिवारले आरोप लगाएका छन् । जिल्ला प्रहरी कार्यालय पर्साले वीरगंज महानगरपालिकाको वडा नम्बर १८ निवासी ४२ वर्षीय सुगान्धि देवीलाई बिहिबार बिहानदेखि नियन्त्रणमा लिएर मानसिक यातना दिएको आरोप लगाएका छन् । छोराले गलत गरेको भए उसैलाई कारवाही गर्नु पर्नेमा आमालाई अनाहकमा थुनेको पीडित पक्षको भनाइ छ । प्रहरीले बिहीबार बिहान ११ बजे सुगान्धिलाई जिल्ला प्रहरी कार्यालय पर्सामा सोधपुछको लागि बोलाएको थियो । सोधपुछकै क्रममा सोही दिनदेखि हिरासतमा राखेको जनाइएको छ ।**

**केटी भगाउने युवक फरार रहेपछि घटनाको थप अनुसन्धानको लागि सुगान्धिलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार विक्रम थापाले बताए । हरिखेतान बहुमुखी क्याम्पसको बिबिए प्रथम बर्षमा अध्ययनरत २० वर्षीय किशोरी सुगान्धी देवीको छोरासँग प्रेम सम्बन्धमा रहेको र निज महिलाको छोरा विदेशवाट आएपछि किशोरीलाई लिएर बेपत्ता बुझिएको छ । किशोर किशोरी दुवै बेपत्ता भएसँगै किशोरीको अभिभावको दबाबमा सुगान्धी देवीलाई पक्राउ गरिएको पिडित पक्षको भनाइ छ ।**

# सरकार र लघुवित्तपीडित बीच छ बुँदे सहमति



**रासस**
**काठमाडौँ ।**
सरकार र लघुवित्त वित्तीय संस्था पीडित सङ्घर्ष समितिबीच छ बुँदे सहमति भएको छ । अर्थ मन्त्रालयका सहसहसचिव नारायणप्रसाद रिसालको संयोजकत्वमा गठित वार्ता समिति र लघुवित्तपीडितहरूबीच शुक्रबार अर्थ मन्त्रालयमा भएको छलफलमा सहमति जुटेको हो । सहमतिपछि लघुवित्त वित्तीय संस्था पीडित सङ्घर्ष समितिले विरोधका कार्यक्रम फिर्ता लिएको छ । लघुवित्त कम्पनीहरूका लागि नियामक नेपाल राष्ट्र बैंकले जारी गरेका नियम तथा निर्देशनहरू प्रभावकारीरूपमा कार्यान्वयन हुनुपर्नेमा दुवै पक्ष सहमत भएका छन् । राष्ट्र बैंकको निर्देशनबमोजिम लघुवित्त वित्तीय संस्थाले ऋणीसँग लिन पाउने तोकिएको अधिकतम ब्याजदर र सेवा शुल्कमात्र लिन पाउने व्यवस्था कडाइका साथ लागू गर्ने सहमति भएको छ ।

त्यसैगरी तोकिएको कर्जा सीमाभन्दा बढी सामूहिक कर्जा दिन नपाउने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र यसको उल्लङ्घन गर्ने वा गरेका संस्थाहरूलाई कानुनबमोजिम कारबाही गर्न सरकार सहमत भएको छ । एक जना ऋणीले एकभन्दा बढी लघुवित्त संस्थाहरूबाट ऋण लिन र दिन नपाउने व्यवस्थाको कार्यान्वयन गर्ने, ऋण लिँदाकै बखत ऋणीको अनुमतिबिना वा ऋणीलाई प्रभावमा पारी निश्चित प्रतिशत रकम कट्टा गरी बचत खातामा रकम जम्मा गर्न लगाउने, ऋण लगानी गर्दाको समयमा किस्ताबापतको रकम अग्रिम जम्मा गर्न लगाउनेजस्ता कार्यलाई नियन्त्रण गर्ने विषयमा पनि दुई पक्षबीच सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ । कर्जाको पुनर्तालिकीकरण र पुनर्संरचनाको सम्बन्धमा नेपाल राष्ट्र बैंकको निर्देशनविपरीत कार्य गर्ने लघुवित्त वित्तीय संस्थालाई प्रचलित कानुनबमोजिम कारबाही गर्ने सहमति भएको छ । लघुवित्त वित्तीय संस्थाहरूले कर्जा प्रवाह गर्दा ऋणीहरूलाई वित्तीय साक्षरता तथा सचेतना गराएर मात्र कर्जा प्रवाह गर्ने व्यवस्थालाई नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थाहरूबाट अनिवार्यरूपमा पालना गर्ने व्यवस्था मिलाउने विषयमा पनि सहमति भएको अर्थ मन्त्रालयले जनाएको छ ।

सङ्घर्ष समितिले एकल अङ्क ब्याजदर तथा एक प्रतिशत सेवा शुल्क कायम गर्न माग गर्दै आएको थियो । ब्याजदर तथा सेवा शुल्क कम गरी समयानुकूल बनाउन अवलम्बन गर्नुपर्ने नीतिगत व्यवस्थाका सन्दर्भमा राष्ट्र बैंकले आवश्यक पहलकदमी गर्ने निर्णय भएको छ । बचतको र कर्जाको ब्याजदरको अन्तर कम गर्ने सन्दर्भमा अध्ययन गरी प्रतिवेदन पेस गर्न राष्ट्र बैंकलाईअनुरोधगर्नेसहमति भएको छ । 'लघुवित्त वित्तीय संस्थाहरू कम्पनीकानुनबमोजिमदर्ताभईसञ्चालनमा रहेको कारण सेवामुखीभन्दा नाफामुखी संस्थाका रूपमा विकास भएको र तिनीहरूलाई सेवामुखी बनाउनुपर्ने भनी आन्दोलनरत पक्षबाट माग भएको हुँदा यस्ता संस्थाहरूलाई थप सेवामुखी संस्थाको रूपमा सञ्चालन गर्न के–कस्तो नीतिगत एवं कानुनी व्यवस्था गर्न आवश्यक छ भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास तथा अन्तर्राष्ट्रिय कानुनसमेतको अध्ययन गरी उचित नीतिगत तथा कानुनी व्यवस्था सम्बन्धमा सिफारिस गर्न नेपाल सरकार, अर्थ मन्त्रालयमार्फत नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने सहमति भएको छ', सहमतिपत्रमा भनिएको छ ।

लघुवित्तपीडितले राख्दै आएका मागका सन्दर्भमा थप अध्ययन गर्न कार्यदलसमेत गठन गर्ने सहमति भएको छ । 'विसं २०७२ को महाभूकम्प, नाकाबन्दी तथा कोभिड–१९ को समस्या, लघुवित्त वित्तीय संस्थाले कर्जा प्रवाह एवं असुली गर्दा पालना गर्नुपर्ने कार्यविधि तथा निर्देशनविपरीत कार्य गरेको समेत कारणले समयमा किस्ता बुझाउन नसक्ने ऋणीहरूको साँवा, ब्याज, शुल्क, जरिवाना, कालोसूची एवं धितो फुकुवा, पीडितको पुनःस्थापना तथा कर्जा भुक्तानी गर्ने कुनै आधार नभएका (घाइते, अपाङ्ग, दीर्घरोगी) वास्तविक पीडितहरूको कर्जा मिनाहालगायतका विषयलाई सम्बोधन गर्नुपर्ने भनी आन्दोलनरत पक्षबाट माग भएको विषयमा स्थलगत अध्ययन गरी समाधानका विकल्पसहित काम सुरु गरेको ६० दिनभित्र प्रतिवेदन पेस गर्न सम्बन्धित क्षेत्रका विज्ञ र आन्दोलनरत पक्षका तीनजना प्रतिनिधिसमेतको सहभागितामा कार्यदल गठन गर्ने सहमति भएको

# ई–रिक्सा व्यवसायी आन्दोलित



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज परवानीपुर रुटमा चल्ने ई–रिक्सा व्यवसायी आन्दोलनमा उत्रेका छन् । वीरगंज पथलैया रुटमा चल्ने म्याजिक भ्यानले ई–रिक्सामा रोक लगाएको भन्दै उनीहरु आन्दोलनमा उत्रेका हुन् । शुक्रबार बिहानदेखि ई–रिक्सा चालकहरु आन्दोलन गरेका हुन् । म्याजिक भ्यान र सिटीराईड व्यवसायिहरुले प्रहरी प्रशासनलाई प्रभावमा पारेर ई–रिक्सा व्यवसायीमाथि अत्याचार गरेको उनीहरुकोभनाइछ ।

म्याजिक भ्यान र सिटिराईड व्यवसायीहरुले गण्डकको प्रहरी बिट नजिक बाउन्सर राखेर जबरजस्ती ई–रिक्साको साँचो खोस्ने, यात्रु ओराल्ने, चालकमाथि दुव्र्यवहार गर्ने, ट्राफिक प्रहरीसँग भनेर जबरजस्ती जरिवाना काट्न लगाउने जस्ता गैरकानुनी काम गरेको ईरिक्सा चालकहरुको आरोप छ । यहि बिषयलाई लिएर गण्डकमा शुक्रबार ई–रिक्सा र म्याजिक भ्यानका चालक बिच समान्य झडप समेत भएको थियो । म्याजिक भ्यान र सिटीराईड व्यवसायिहरुले ईरिक्सालाई गण्डक भन्दा अगाडि जान नदिई शोषण गरेको ईरिक्सा चालक व्यवसायिहरुले आरोप लगाएका छन् । केडिया आँखा अस्पतालबाट बिरामी बोक्ने र स्वयं आफनो घरतर्फ पनि जान ईरिक्सा चालकहरुलाई समस्या भएको उनीहरुको भनाइ छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन